वित्तीय सहायता नीति	PFS-051
Penn State Health राजस्व चक्र	प्रभावकारी मिति फेब्रुअरी 2026

क्षेत्र तथा उद्देश्य *कागजात तल उल्लेख गरिएका Penn State Health का निम्न अङ्गहरूका मानिस तथा प्रक्रियाहरूमा लागूयोग्य हुन्छ:*

X	Penn State Health का साझा गरिएका सेवाहरू		Penn State College of Medicine
X	Milton S. Hershey Medical Center	X	चिकित्सा समूह – शैक्षिक अभ्यास विभाग (Academic Practice Division)
	St. Joseph Medical Center	X	चिकित्सा समूह - सामुदायिक अभ्यास विभाग (Community Practice Division)
	Holy Spirit Medical Center	X	Penn State Health Life Lion, LLC
X	Hampden Medical Center	X	Pennsylvania Psychiatric Institute
X	Lancaster Medical Center		
X	Lancaster Orthopedic Group		

उद्देश्य

Penn State Health (PSH) को उद्देश्य अनुरूप बीमा कभर प्रदान गर्ने कुनै स्वास्थ्य सेवा प्रदाता वा स्थानद्वारा उपलब्ध गराइएका चिकित्सकीय दृष्टिले आवश्यक वा आकस्मिक सेवा प्राप्त गरिरहेका साथै योग्य ठहर भएका बिरामीहरू निम्ति वित्तीय सहायताका लागि अनुरोध र अनुमोदनका मापदण्डहरूलाई परिभाषित गर्नु हो।

प्रदाताहरूका सूचीसम्बन्धी परिशिष्टहरू A, B, C, D तथा E, ती स्वास्थ्य सेवा प्रदाताहरू/स्वास्थ्य सेवाहरूका सूचीहरू हुन्, जसलाई यस वित्तीय सहायता नीति अन्तर्गत कभर गरिएका छन् वा छैनन्।

क्षेत्र

आर्थिक चिन्ताहरू व्यक्त गर्ने बिरामीसित सम्पर्क भएका सबै कर्मचारीहरू।

नीति तथा प्रक्रियासम्बन्धी बयानहरू

परिभाषाहरू

साधारणतया तिरिने रकम (Amount Generally Billed, AGB) परिभाषा: सकल शुल्कहरूमाथि AGB वा परिसीमाको हिसाबकिताब PSH ले, आन्तरिक राजस्व सेवा (Internal Revenue Services, IRS) 501R अन्तर्गत फाइनल रुलको अनुसरण गर्दै, लूकब्याक मेथोडोलजी (ब्याजको हिसाब गर्ने एक तरिका) को उपयोग गरेर गरिन्छ। निजी स्वास्थ्य बीमाकर्ताहरू अनि Medicare द्वारा भुक्तान गरिएका सबै दाबीहरूका सरदर भुक्तानीको हिसाब निकाल्नका लागि PSH ले यही मेथोडोलजीको उपयोग गर्नेछ। योग्य ठहर गरिएका व्यक्तिहरूबाट आपतकालीन वा केवल चिकित्सकीय दृष्टिले आवश्यक सेवाका लागि सामान्यतया बिल गरिने रकमहरूभन्दा अधिक रकम लिइने छैन। बिरामीहरूले अनुरोध गरेको खण्डमा,

PSH ले AGB को हालको हिसाबको निःशुल्क कागज बिरामीलाई दिने छ। यसलाई च्यारिटी केयर (वित्तीय सहायता) छुटसँग नझुक्किनुहोस्, जुन व्यक्तिक वित्तिय सहायता कार्यक्रम (Financial Assistance Program, FAP) स्वीकृत भएमा 100% लागू गरिन्छ।

- बीमाको दायरा भित्र नपर्ने जुनसुकै स्वास्थ्योपचार सेवा वा शल्यक्रिया/प्रक्रियाहरूका लागि PSH ले AGB छुट सरह स्वयं-भुक्तानी छुट अफर गर्न सक्नेछ।

ब्यालेन्स बिलिङ – सर्पराइज (अप्रत्याशित) बिलहरू: संघीय कानून, 'नो सरप्राइजेस ऐक्ट' अनुसार, Penn State Health बिरामीहरूलाई अप्रत्याशित बिलहरू प्राप्त गर्नबाट जोगाउन प्रतिबद्ध छ, जुन बिरामीहरूले Penn State Health को सुविधा वा प्रदायक उनीहरूको स्वास्थ्य योजनाको नेटवर्क बाहिर भएमा प्राप्त गर्ने छन्। जब आउट-अफ-नेटवर्क (स्वास्थ्य बीमा योजनाको अनुबन्धमा नरहेका डक्टर आदि) प्रदाता वा केन्द्रले रोगीहरूलाई आउट-अफ-नेटवर्क प्रदाता वा केन्द्रले दाबी गर्ने पूर्ण रकम अनि उनीहरूको स्वास्थ्य योजना भुक्तानीका लागि सहमत भएको रकम बीचको भिन्नतालाई बिलको रूपमा पठाउँछ, तब त्यसलाई "ब्यालेन्स (सन्तुलित) बिलिङ" भनिन्छ। "सर्पराइज (चकित तुल्याउने) बिलहरू" अनपेक्षित ब्यालेन्स बिलहरू हुन्। नो सरप्राइजेस ऐक्टले बिरामीहरूलाई आपतकालीन हेरचाहका लागि नेटवर्क बाहिरको प्रदायक वा सुविधाबाट सेवा लिँदा वा नेटवर्क भित्रको अस्पतालमा नेटवर्क बाहिरको प्रदायकले उपचार गर्दा, बढी बिल प्राप्त गर्नबाट जोगाउँछ। Penn State Health को सुविधा वा प्रदायक नेटवर्क बाहिर छ भने, Penn State Health ले आपतकालीन सेवाहरू वा पोस्ट-स्टेबलाइजेसन सेवाका लागि सन्तुलन बिलिङ गर्ने छैन।

गणनायोग्य सम्पत्तिहरू लाई नगद/बैंक खाताहरू, निक्षेपका प्रमाणपत्रहरू, बन्ड, स्टक, म्युचुअल फन्ड वा पेन्सनको रूपमा पाइने रकम जस्ता सम्पत्तिहरूका रूपमा परिभाषित गरिन्छ, जो स्वास्थ्य सेवाका खर्चहरूका भुक्तानी निम्ति उपलब्ध छन्। स्वास्थ्य सेवा विभाग (Department of Health Services, DHS) चिकित्सा सहायता बुलेटिनमा परिभाषित गरिए अनुसार, अस्पताल को क्षतिपूर्ति हेरचाह कार्यक्रम र च्यारिटी योजनाहरू गणनायोग्य सम्पत्तिहरू गैर-तरल सम्पत्तिहरू जस्तै घरहरू, सवारी साधनहरू, वा घरायसी सामानहरू समावेश गर्दैनन्। 401k, व्यक्तिगत सेवानिवृत्ति खाता (individual retirement account, IRA) खाता वा स्थगित वार्षिकी जस्ता अवकाश कोषहरूलाई तरल सम्पत्तिबाट बहिष्कृत गरिएको छ।

आकस्मिक स्याहार: एक आपतकालीन चिकित्सकीय अवस्थाका बिरामीलाई प्रदान गरिने सेवा, जसलाई थप यसरी परिभाषित गरिएको छ:

- एक चिकित्सा अवस्था, जसमा तीव्र र पर्याप्त गम्भीर लक्षणहरू (उदाहरणका लागि, गम्भीर दुखाइ, मानसिक अस्थिरता तथा/वा नशासम्बन्धी लक्षणहरू, आदि) देखापर्छन् र जसका आधारमा अपेक्षा गर्न सकिन्छ कि तत्काल चिकित्सा सेवाको अभावले निम्नमध्ये कुनै एक परिणाम निम्त्याउने सम्भावना रहन्छ:
    - बिरामीको स्वास्थ्यलाई (वा गर्भवती महिलाको मामलामा, महिला वा उनको अजन्मा शिशुको) स्वास्थ्यलाई गम्भीर जोखिममा पार्ने, वा
    - शारीरिक क्रियाकलापमा गम्भीर अवरोध, वा
    - कुनै पनि शारीरिक अङ्ग वा भागको गम्भीर खराबी।

- गर्भवती महिलाको सन्दर्भमा, जसले संकुचन देखाइरहेकी छिन्, यसले डेलिभरीअघि अर्को अस्पतालमा सुरक्षित ढंगले सार्नका लागि पर्याप्त समय उपलब्ध छैन वा उक्त स्थानान्तरणले महिलाको वा उनको अजन्मा शिशुको स्वास्थ्य वा सुरक्षामा खतरा उत्पन्न गर्न सक्छ भनेर जनाउँछ।

संघीय गरीबी आय स्तरहरू स्वास्थ्य र मानव सेवा विभाग (Department of Health and Human Services, HHS) द्वारा संघीय रजिस्ट्रीमा प्रत्येक वर्ष जनवरीमा प्रकाशित गरिन्छ। https://aspe.hhs.gov/poverty-guidelines

वित्तीय सहायता भनेको निःशुल्क वा छूटको दरमा उपचार प्राप्त गर्ने योग्यता हो। अबीमाकृत/बीमाकृत र चिकित्सकिय रूपमा आवश्यक स्याहार प्राप्त गर्ने, सरकारी वा अन्य बीमा कभरेजका लागि अयोग्य भएका र अमेरिकी संघीय गरिबी स्तरको 300% वा त्योभन्दा कम पारिवारिक आम्दानी भएका बिरामीहरू यस नीति अन्तर्गत निःशुल्क स्याहारका लागि योग्य हुने छन्।

चिकित्सकीय रूपमा आवश्यक भन्नाले स्वास्थ्य सेवा सेवाहरू सम्झनु पर्छ जुन प्रदायकले विवेकपूर्ण क्लिनिकल निर्णय प्रयोग गरी बिरामीलाई रोग, चोटपटक, रोग वा यसका लक्षणहरू रोकथाम, मूल्याङ्कन, निदान वा उपचार गर्ने उद्देश्यले प्रदान गर्नेछ।

- चिकित्सकीय अभ्यासका सामान्यतया स्वीकार गरिने मापदण्ड अनुसार।
  - यी उद्देश्यहरूका लागि, "चिकित्सकीय अभ्यासका सामान्यतया स्वीकार गरिने मापदण्डहरू" भन्नाले सामान्य रूपमा सम्बन्धित चिकित्सा समुदायद्वारा मान्यता प्राप्त सहकर्मीको समीक्षा गरिएको चिकित्सा साहित्यमा प्रकाशित विश्वसनीय वैज्ञानिक प्रमाणहरूमा आधारित वा अन्यथा क्लिनिकल निर्णय समावेश गर्ने नीतिगत मुद्दाहरूमा तोकिएका मापदण्डहरूसँग मेल खान्छ भन्ने हो।
- प्रकार, बारम्बारता, सीमा, स्थल र अवधिलाई मध्येनजर राखेर हेर्दा, क्लिनिकल दृष्टिले उपयुक्त हुन्छ तथा बिरामीको बिमारी, चोटपटक वा रोगका लागि प्रभावकारी ठहर गरिएको हुन्छ।
- मुख्यतया बिरामी, चिकित्सक, वा अन्य स्वास्थ्य सेवा प्रदायकको सुविधाको लागि होइन र वैकल्पिक सेवा वा सेवाहरूका अनुक्रम भन्दा बढी महँगो छैन, कम से कम त्यो बिरामीको रोग, चोट पटक वा रोगको निदान वा उपचारको रूपमा समान चिकित्सीय वा निदान परिणामहरू उत्पादन गर्ने सम्भावना।
- अनुसन्धान वा प्रयोगात्मक मानिने सेवाहरू, वस्तुहरू, वा प्रक्रियाहरूलाई मामिला दर मामिला आधारमा सम्बोधन गरिनेछ।
- आपतकालीन चिकित्सा अवस्थाका लागि चिकित्सा उपचार आवश्यक छ।

अनुमानित वित्तीय सहायताले त्यो व्यक्ति बुझाउँछ, जो निर्धन छ भनी अनुमान लगाइएको छ र वित्तीय सहायता निम्ति ऊ योग्य ठहर हुने सम्भावना छ अनि यसको आधार बिरामी वा प्राविधिक स्रोतहरू मार्फत उपलब्ध गराइएका यस्ता पर्याप्त जानकारीहरू हुन्छन् जसको परिणामस्वरूप, वित्तीय सहायता निम्ति बिरामी योग्य छ भनी PSH ले ठहर गर्न सक्छ। प्राविधिक स्रोतहरूमा सुरक्षित चिकित्सा सहायता योग्यता तथा पुष्टिसित सम्बद्ध Compass अनि NaviNet जस्ता वेब पोर्टलहरू सामेल छन् तर यी यतिसम्म मात्रै सीमित छैनन्। अनुमानित परोपकारलाई समर्थन गर्ने कारकहरूमा घरबारविहीनता, कुनै आय, महिला, शिशु तथा बाल कार्यक्रमहरूका लागि योग्यता (Women's, Infants and Children's programs, WIC),

खाद्य स्टाम्प योग्यता, वैध ठेगानाको रूपमा प्रदान गरिएको कम आय आवास, राज्य-वित्त पोषित प्रिस्क्रिप्शन कार्यक्रमहरूमा कुनै ज्ञात सम्पत्ति वा योग्यता नभएका मृतक बिरामीहरू समावेश छन् तर यतिमा मात्र सिमित छैन।

बीमा नगरिएको बिरामी भन्नाले कुनै पनि तेस्रो-पक्ष बीमाकर्ता, कर्मचारी अवकाश आय सुरक्षा ऐन (Employee Retirement Income Security Act, ERISA) योजना, संघीय स्वास्थ्य सेवा कार्यक्रम (Federal Health Care Program) (संघीय वा राज्य स्वास्थ्य बीमा बजार, Medicare, Medicaid, SCHIP र Tricare सहित), श्रमिकहरूका क्षतिपूर्ति, चिकित्सा बचत खाताहरू वा बिलको सबै वा कुनै भागका लागि अन्य कभरेजमार्फत स्वास्थ्य सेवा कभरेज नभएको व्यक्ति हो। आफ्नो स्वास्थ्य बीमा कभरेज समाप्त गरेका वा बिरामीको बीमा पोलिसीमा उल्लिखित कभर नगरिएका सेवाहरू भएका बिरामीहरूलाई बीमा नगरिएको मानिने छैन।

नीति र/वा प्रक्रियाको विवरणहरू

सूचनाः

- यो वित्तीय सहायता नीति, वित्तीय सहायता आवेदन र सरल भाषा लिखित सारांश अनुरोधमा सर्वसाधारणका लागि उपलब्ध गराइने छ।
- बिरामीका बिलिङ विवरणहरूमा वित्तीय सहायताको उपलब्धतासँग सम्बन्धित जानकारी समावेश हुने छ।
- यस कार्यक्रमको उपलब्धताको सूचना अस्पताल, क्लिनिकभित्र र PSH वेब साइटमा बिरामी दर्ता क्षेत्रहरूमा पोस्ट गरिने छ।
- वित्तीय सहायता नीति तथा आवेदन सबै बहिरङ्ग क्लिनिक स्थान साइटहरूमा उपलब्ध गराइने छ।
- कुनै जनसङ्ख्या अन्तर्गत उनीहरूको प्राथमिक भाषा बोल्नेहरूका सङ्ख्या सेवा प्रदान गरिएको समुदायको 1,000 वा 5% भन्दा कम्ती छ भने FAP लाई त्यही भाषामा उपलब्ध गराइनेछ।
- वित्तीय सहायता नीति र मूल्याङ्कन PSH मा सहभागी भएका सामुदायिक भन्दा बाहिरका कार्यक्रमहरूमा उपलब्ध गराइने छ।
- 120/240-दिनको नियम - एउटा 120-दिनको अवधि जसको अवधिमा अस्पताल सुविधाले एक जना व्यक्तिलाई FAP बारे सूचित गर्न आवश्यक हुन्छ र 240-दिनको अवधि जसको अवधिमा अस्पताल सुविधाले व्यक्तिद्वारा पेश गरेको आवेदन प्रक्रिया गर्न आवश्यक हुन्छ। PSH ले, अधिसूचना अवधि चलिरहेको समयमा, प्रथम बिलिङ स्टेटमेन्टको तारिखपछिका निम्नतम 120 दिनहरू समाप्त भएपछि सूचनाहरू उपलब्ध गराउने छ। अस्पताल फेसिलिटिले रकम सङ्ग्रह गर्नका लागि असाधारण कार्यवाहीहरू (extraordinary collection actions, ECAs) लाई त्यो व्यक्ति विरुद्ध सुरु नगर्न पनि सक्छ, जसको FAP सम्बन्धी योग्यतालाई प्रथम पोस्ट डिस्चार्ज स्टेटमेन्टका 120 दिनहरू अगाडिको अवधिमा निर्धारित गरिएको हुँदैन।
- PSH ले 501R अन्तर्गत बिलिङ र कलेक्शन (रकम सङ्ग्रह) सित सम्बद्ध आवश्यकताहरूलाई पूरा गर्छ।
- PSH ले लागू हुने स्थितिमा नो सर्पराइजेस् ऐन (No Surprises Act) को पालना गर्ने छ।

योग्यता मापदण्डः

- आर्थिक सहायता तल तय गरेको निर्देशिका अनुसार परिवारको आम्दानीको आधारमा अनुमोदित छ। योग्य बिरामी चिकित्सकीय आवश्यक स्याहार शुल्कहरूमा 100% निःशुल्क स्याहारका लागि

योग्य हुनु हुने छ। PSH ले बीमा नगरिएका FAP योग्य वा गैर-FAP योग्य व्यक्तिहरूलाई आपतकालीन वा अन्य चिकित्सकीय आवश्यक स्याहारका लागि सामान्यतया बिल (AGB) भन्दा बढी शुल्क लिने छैन।

परिवारको आकार	सकल आम्दानी	छुट
1	$ 47,880.00	100%
2	$ 64,920.00	100%
3	$ 81,960.00	100%
4	$ 99,000.00	100%
5	$ 116,040.00	100%
6	$ 133,080.00	100%
7	$ 150,120.00	100%
8	$ 167,160.00	100%

*8 (आठ) जनाभन्दा बढी सदस्य भएको परिवारका लागि, प्रत्येक थप सदस्यको लागि $17,040.00 का दरले रकम थप गर्दै जानुहोस्।

- आर्थिक सहायताका लागि मुल्याङ्कन आर्थिक सहायता एप्लिकेसनका साथ सुरु हुन्छ। यो पूरा हुनुपर्छ, ग्यारेन्टर र हालको मितिद्धारा हस्ताक्षर गरिएको छ। (संलग्न गरिएको हेर्नुहोस्)
- बिरामी संयुक्त राज्य अमेरिकाका नागरिक, स्थायी कानुनी बासिन्दा वा आफ्नो बसोबासको प्रमाण प्रस्तुत गर्न सक्ने PA का बासिन्दा हुनुपर्छ (संयुक्त राज्य अमेरिकाबाहिर बसोबास गर्ने गैर-अमेरिकी नागरिकहरू यसमा समावेश हुँदैनन्)।
- बिरामीले चिकित्सा सहायता, संघीय वा राज्य बीमा बजार (छूटको प्रमाण उपलब्ध नगरेसम्म) वा आर्थिक सहायताका लागि स्वीकृत हुनु अघि अन्य कुनै पनि लागू हुने तेस्रो-पक्ष भुक्तानी स्रोतका लागि आवेदन दिनुपर्छ।
    - चिकित्सा सहायताका लागि आवेदन दिनबाट मुक्त भएका स्वयं-भुक्तानी बालबालिकालाई आंशिक आर्थिक सहायतामा प्रस्ताव गर्न सकिन्छ।
- चिकित्सकीय बिलहरू भुक्तानीका अन्य सबै विकल्पहरू समाप्त भइसकेको हुनुपर्नेछ; जसमा चर्च वा धार्मिक संस्थाहरूबाट हुने सहयोग, सामुदायिक स्वास्थ्य साझेदारी योजनाहरू वा निजी स्तरबाट गरिएका कोष सङ्कलनहरू, परोपकारी कार्यक्रमहरू वा विभिन्न अनुदानहरू समावेश छन् तर यतिमा मात्र सीमित छैन। वैकल्पिक भुक्तानी विकल्पहरू पछ्याउन बिरामी वा जमानीकर्ताको असहयोगले उनीहरूलाई आर्थिक सहायताको विचारबाट अयोग्य बनाउन सक्छ।
    - यदि बिलको भुक्तानी गर्नको लागि रोगीसित पर्याप्त काउन्टेबल एसेटहरू (नगदमा सहजै परिवर्तन गर्नसकिने सम्पत्तिहरू) छन् अनि ती काउन्टेबल एसेटहरूलाई नगदमा परिवर्तित गर्दा रोगीलाई कुनै अनावश्यक कठिनाइ हुँदैन भने, उसलाई वित्तीय सहायता नदिइन सकिन्छ।
    - आर्थिक सहायता **RC-12 मृतक बिरामी/ग्यारेन्टरको खाता समाधान नीति** मा स्थापित मापदण्डको आधारमा कुनै पनि मृतक बिरामीलाई दिइनेछ।
    - नि: शुल्क हेरचाह क्लिनिकहरू (जस्तै, Hope Within, Centre Volunteers in Medicine, आदि) को साथ कार्यक्रमहरूका परिणामको रूपमा, नि: शुल्क हेरचाह क्लिनिकद्वारा

संकलित वा निर्धारण गरिएको वित्तीय जानकारीको आधारमा आर्थिक सहायता प्रदान गर्न सकिन्छ।
  - वैकल्पिक सेवाहरू, जस्तै, तर कस्मेटिक, कृत्रिम परिवेशीय/बाँझोपन, चश्मा, श्रवण उपकरण, लिंग प्रत्यारोपण वा केही ग्यास्ट्रिक बाइ-पास प्रक्रियाहरूमा सीमित छैन यो FAPद्वारा कवर गरिएको छैन।
  - सह-भुक्तानी वा कटौतीयोग्य बिरामी सन्तुलन सहितको आम्दानीमा आधारित बीमा योजनाहरूलाई आर्थिक सहायताका लागि योग्य मान्न सकिन्छ।
  - आर्थिक सहायताका लागि योग्यताको अवधि एक वर्ष हो। PSH सँग नयाँ आवेदन अनुरोध गर्ने र बिरामीको यिनिहरूको विवेकमा भुक्तानी गर्ने क्षमताको मूल्याङ्कन गर्ने अधिकार छ।
  - Lancaster Cleft Palate Clinic मा हेरिएका बालबालिकाहरूलाई 100% मा आर्थिक सहायता प्रदान गर्न सकिन्छ।

आवेदन दिने प्रक्रिया:

- आर्थिक सहायताका आवेदकहरू PSH वेबसाइट, कुनै पनि क्लिनिक स्थानमाद्धारा व्यक्तिगत रूपमा वा मेल मार्फत अनलाइनमा उपलब्ध हुने छन्।
- बिरामीले आम्दानी र परिवारको आकारमा मापदण्ड पूरा गरेको सुनिश्चित गर्नका लागि निम्न पूरा गरिएको, उपयुक्त सहयोगी घरायसी कागजातहरू उपलब्ध गराउनु पर्छ।
  - हालैका संघीय आयकर फिर्ता गरियो
  - हालसालैका 2 (दुई) वटा तलबको विवरण
  - हालसालैका 2 (दुई) वटा बैंक स्टेटमेन्टहरू
  - सामाजिक सुरक्षा आम्दानी निर्धारण
  - बेरोजगार आम्दानी
  - पेन्सन आम्दानी
  - सम्पत्ति वा दायित्व व्यवस्थाहरूबाट वितरण पुष्टिकरण (सम्पत्ति वा अभियोगको अन्तिम टुङ्गो नलागेसम्म आर्थिक सहायतालाई विचार गरिने छैन)।
  - चिकित्सा सहायता वा स्वास्थ्य बीमा मार्केटप्लेसको निर्धारण।
  - नागरिकताको प्रमाण वा कानूनी स्थायी आवासीय स्थिति (ग्रिन कार्ड)।
  - घरायसीसँग कुनै पनि आम्दानी छैन भने, जीवनको खर्चहरूमा सहायता गरिरहने व्यक्ति(हरू) द्वारा पत्र।
  - आर्थिक सहायताका लागि योग्यता निर्धारण गर्नका लागि आर्थिक सहायता आवेदनको पर्याप्त रूपमा समीक्षा गर्न PSH द्वारा आवश्यक ठानेमा कुनै अन्य जानकारी।
- आवेदनमा उपलब्ध गराइएको जानकारी उपयुक्त निर्धारण गर्नका लागि अपर्याप्त छ भने थप जानकारी प्राप्त गर्न जमानतकर्तासित सम्पर्क गरिनेछ।

मूल्याङ्कनको विधि र प्रक्रिया

- बिरामीले आवेदन बुझाउनासाथ, PSH ले सो बिरामी विरुद्ध चालिएका वा चालिने जुनसुकै असाधारण बक्यौता असुली कदमहरू (ECAs) तुरुन्तै स्थगित गर्नेछ, सो बुझाइएको आवेदन पूर्ण भएको वा नभएको कुराले यसमा कुनै फरक पार्ने छैन।

आर्थिक सहायताका लागि

कर्मचारीको स्तर:	वित्तीय आवेदन सहयोगी / वित्तीय परामर्शदाता I	वित्तीय परामर्शदाता II / औषधि विशेषज्ञ	वरिष्ठ, वित्तीय परामर्शदाता	टोली प्रबन्धक, वित्तीय परामर्श	प्रबन्धक, वित्तीय परामर्श	वरिष्ठ निर्देशक	उपाध्यक्ष
अधिकतम स्वीकृति रकम:	$1,000	$3,000	$5,000	$25,000	$100,000	$200,000	$200,000+

- एक पटक आवेदन समीक्षा गरी सके पछि, बिरामी वा ग्यारेन्टरलाई कुराकानीको निर्धारण गर्नका लागि एक टेलिफोन कल र पत्र पठाइने छ।
- आर्थिक सहायता निर्धारण गर्ने व्यक्तिले तदअनुसार बिलिङ प्रणालीमा बिरामीको खाता कागजात गर्ने छ र "समीक्षाका लागि अनुरोध" फारममा हस्ताक्षर गर्ने छ। खातामा थप ह्यान्डलका लागि उपयुक्त कर्मचारी सदस्यलाई सन्दर्भ गरिने छ।
- बिरामी योग्यताका लागि वित्तीय सहायता तथा संस्थाका अनुसार कोब्रा लाभका लागि योग्य छ भने, PSH बीमा प्रिमियम मासिक भुक्तान गर्न छनोट गर्न सक्नुहुन्छ।
- परोपकार स्वीकृतमा, ऋण कुनै क्रेडिट रिपोर्टिङ एजेन्सीले रिपोर्ट गरिएको 30 दिनभित्र फिर्ता गरियो।
- एक पटक वित्तीय सहायता समायोजनहरू बिरामी खाता प्रात्तमा राखिएको हुन्छ, कुनै अघिल्लो वा पछिल्लो भुक्तानी प्राप्त गरिएको बिरामीलाई फिर्ता गरिने छ।
- ती बिरामीहरूले पनि वित्तीय सहायताका लागि आवेदन गर्न सक्छन् र यसको अनुमोदन प्राप्त गर्न सक्छन्, जसका एकाउन्टहरूलाई सङ्ग्रह एजेन्सीसमक्ष रेफर गरिएको छ।
- यदि वित्तीय सहायता स्वीकार गरिएमा, उपयुक्त कर्मचारी सदस्यले प्रणाली संयोजन प्रविष्ट गर्नु हुने छ र बिरामीहरूका चिकित्सा रेकर्ड नम्बरअन्तर्गत सबै खुला भेटहरू पहिचान गरी समीक्षा गर्नु हुने छ र वित्तीय सहायता छुट लागू गर्नु हुने छ।
    - भुक्तानी नगर्नु र/वा वित्तीय परामर्शदातासित सम्पर्क गर्नमा असफलता र/वा आवेदन नबुझाउनु वा आवेदनलाई पूर्ण रूपमा पूरा नगर्नु जस्ता कृत्यहरूका फलस्वरूप, यस्ता कार्यवाहीहरू गर्न सकिन्छन् जसको रूपरेखा **RC-002 बिरामी ऋण एवम् सङ्ग्रह नीति (RC-002 Patient Credit and Collections Policy)**-मा दिइएको छ।
    - PSH-का धारण नीतिहरूका पालना गर्दै वित्तीय आवेदन र/वा वित्तीय जानकारीको एक प्रतिलिपिलाई सात वर्षसम्म राखिनेछ।
    - पहिले नै फाइलमा जानकारी परिवर्तनहरू नभएसम्म समान पात्रो वर्षभित्र आर्थिक सहायताका लागि अतिरिक्त अनुरोधहरूलाई समर्थन गर्ने कागजात आवश्यक नहुन सक्छ।
    - व्यवस्थापन जस्तै परिस्थितिहरू घटाउनका लागि तिनीहरूको विवेक प्रयोग गर्न सकिन्छ तर सीमित छैन: (निम्नानुसार उदारहण):
        - बिरामीको आम्दानी परोपकार दिशानिर्देशन माथि; यद्यपि, तिनीहरूको मेडिकल ऋण मेडिकल घटनामा आपत्तिजनकका कारण बार्षिक आम्दानी बढी छ।
        - बिरामीले मुद्दाबाट भुक्तान प्राप्त गर्नुहुन्छ जुन खाता रकमभन्दा कम छ र भिन्नता भुक्तानी गर्न पर्याप्त व्यक्तिगत गणनायोग्य सम्पत्ति/आम्दानी छैन।

- बिरामी भुक्तान गर्नका लागि मुद्रा सापटी लिन तयार छ तर खातामा पूर्ण बाँकी रकमका लागि योग्य ठहरिनुहुन्न (ऋण संस्थाको प्रमाणीकरण आवश्यक पर्छ)।
- बिरामी बाँकी रकमको भाग आवरण गर्नका लागि अरू सम्पत्तिहरू बेच्न तयार छन्।
- बिरामीले वित्तीय आवेदन पूरा नगरे पनि, निर्णय लिनका लागि पर्याप्त आम्दानी/ वित्तीय जानकारी प्राप्त गरिन्छ।

सबै सन्दर्भित नीतिहरू यस कागजात पुनरावलोकन गर्नका लागि PSH वेब साइटमा उपलब्ध छन् र माग गरे बापत मुद्रितमा पनि उपलब्ध छन्।

यो नीतिले अवैतनिक, Penn State Health को परोपकारी उद्देश्यलाई अगाडि तर्फ स्थापित गर्छ। तदनुसार, न यो नीति न त कुनै यसका अतिक्रमण कुनै वैध उत्तरदायित्वहरू अस्पतालको भाग अथवा कुनै बिरामी अथवा तेस्रो पक्ष सिर्जना अनुवाद गर्नुपर्छ।

सम्बन्धित नीतिहरू र सन्दर्भहरू

यो नीतिको सम्बन्धमा निम्न परिशिष्टहरू सामेल छन्:

- **परिशिष्ट A -** आर्थिक सहायता कार्यक्रम अन्तर्गत समेटिएका स्वास्थ्य सेवा प्रदायक तथा सेवाहरू – Hershey Medical Center
- **परिशिष्ट B** - प्रदाताहरू/सेवाहरू जो वित्तीय सहायता कार्यक्रम (Financial Assistance Program) द्वारा कभर गरिएका छन् – CPMG
- **परिशिष्ट C** – Holy Spirit Health System चिकित्सक समूहहरू (Physician Groups)
- **परिशिष्ट D** – Penn State Health Life Lion LLC
- **परिशिष्ट E** – Penn State Health Hampden Medical Center
- सरल भाषामा सारांश तथा वित्तीय सहायता आवेदन

नोट: सामान्यतया, सबै Penn State Health Hershey Medical Center अनि सामुदायिक प्र्याक्टिस विभागका चिकित्सकहरू (Community Practice Division Physicians)-ले परिशिष्ट-मा उल्लेख गरिएको बाहेक, यो वित्तीय सहायता कार्यक्रमलाई कदर गर्नेछन्।

स्वीकृति

अधिकार प्राप्त:	Tracy Moyer, वरिष्ठ उपाध्यक्ष र मुख्य वित्तीय अधिकारी
स्वीकृत:	Nicholas Haas, उपाध्यक्ष राजस्व चक्र

उत्पत्ति र पुनरावलोकनको मिति

आरम्भ मिति: 10/1/2010
समीक्षाका मिति(हरू): 10/10. 02/16, 6/17, 2/18, 2/19, 1/20, 9/20, 3/21,10/22,1/23, 10/23,2/24,2/25,2/26
संशोधित: 10/10; 1/12, 12/14, 02/16 – 10/10 को नीतिलाई प्रतिस्थापित गरियो; 6/17, 2/18, 10/18, 11/18, 2/19, 1/20, 9/20, Spirit Physician Services, Inc. थप गरिएको; 3/21 Penn State Life Lion LLC. थप गरिएको, 11/21, 10/2022,1/2023, 10/23, Pennsylvania Psychiatric Institute थप गरिएको, 2/24,2/25,2/26

सामग्री पुनरावलोकनकर्ता तथा योगदानकर्ताहरू

राजस्व चक्रका सिनियर निर्देशकहरू; प्रबन्धक बिरामी पहुँच वित्तीय परामर्श

परिशिष्ट A

Penn State Health Hershey Medical Center

वित्तीय सहायता कार्यक्रम अन्तर्गत कभर गरिने सेवा प्रदाताहरू/सेवाहरू

- अति तीव्र पीडा प्रबन्धन
- एलर्जी इम्यूनोलोजी
- एनाटोमिक पैथोलोजी
- एनीस्थीसिया (संज्ञाहरण)
- एनीस्थीसिया (संज्ञाहरण) सङ्कटावस्था उपचार
- अति तीव्र पीडा प्रबन्धन
- कार्डियोलोजी (हृदय रोगसम्बन्धी)
- कार्डियोलोजी (हृदय रोगसम्बन्धी) सङ्कटावस्था उपचार
- कार्डियोलोजी (हृदय रोगसम्बन्धी) सीटी (Ct) शल्यचिकित्सा
- कार्डियोलोजी (हृदय रोगसम्बन्धी) हृदयले काम नगर्नु
- कार्डियोलोजी (हृदय रोगसम्बन्धी) इन्टरभेन्शनल कार्डियोलोजी
- कार्डियोलोजी (हृदय रोगसम्बन्धी) इन्टरभेन्शनल रेडियोलोजी
- क्लिनिकल पैथोलोजी
- कोलेरेक्टल शल्यचिकित्सा
- डेन्टिस्ट्री (दन्त-चिकित्सा) शल्यचिकित्सा
- डर्मेटोलोजी (चर्म-रोग) मोह्स
- डर्मेटोलोजी (चर्म-रोग)
- डर्मेटोपैथोलोजी (चर्म-रोग विकृति)
- आपतकालीन औषधि
- एण्डोक्राइनोलोजी
- परिवारका लागि औषधि
- महिलाको पेल्भिक (श्रोणिसम्बन्धी) औषधि
- ग्यास्ट्रोएन्ट्रोलोजी
- गाइनीकोलोजिक ओन्कोलोजी
- हीमेटोलोजी ओन्कोलोजी
- हीमेटोलोजी ओन्कोलोजी पैथोलोजी
- हस्पिटलिस्ट औषधि
- सङ्क्रामक रोग
- आन्तरिक औषधि
- मेटर्नल फीटल (भ्रूणसम्बन्धी) औषधि
- नेफ्रोलोजी
- न्यूरोलोजी
- न्यूरोलोजी एपिलेप्सी
- न्यूरोलोजी न्यूरोमस्क्यूलर
- न्यूरोलोजी स्ट्रोक
- न्यूरोसाइकोलोजी
- न्यूरोसर्जरी
- न्यूरोसर्जरी सङ्कटावस्था उपचार
- न्यूक्लियर औषधि
- अब्स्ट्रेटिक गाइनीकोलोजी*
- आफ्थैल्मोलोजी*
- अप्टोमीट्री
- अर्थोपेडिक शल्यचिकित्सा
- ओटोलेरिन्जोलोजी*
- पीडा प्रबन्धन
- पेलिएटिभ (प्रशामक) औषधि
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) किशोरावस्था औषधि
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) एलर्जी इम्यूनोलोजी
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) कार्डियोलोजी
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) कार्डियोलोजी टेलिमेडिसिन
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) शिशुप्रति दुर्व्यवहार
- पीडियाट्रिक(बाल रोगसम्बन्धी) सङ्कटावस्था उपचार
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) सीटी (Ct) शल्यचिकित्सा
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) एण्डोक्राइनोलोजी

- पीडियाट्रिक (बाल रोगसम्बन्धी) ग्यास्ट्रोएन्ट्रोलोजी
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) जेनेटिक्स
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) हीमेटोलोजी ओन्कोलोजी
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) हस्पिटलिस्ट
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) सङ्क्रामक रोग
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) नियोनेटोलोजी
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) नेफ्रोलोजी
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) न्यूरोलोजी
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) पेलिएटिभ (प्रशामक) उपचार
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) पल्मोनरी औषधि
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) रिह्याब (पुनर्वास) विकास
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) रिह्यूमेटोलोजी
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) शल्यचिकित्सा
- पीडियाट्रिक्स (बाल रोगसम्बन्धी)
- फिजिकल मेडिसिन रिह्याब (शारीरिक औषधि पुनर्वास)
- फिजिकल थेरेपी
- प्लास्टिक सर्जरी
- पादचिकित्सा
- साइकियाट्री
- पल्मोनरी औषधि
- रेडिएशन ओन्कोलोजी
- रेडियोलोजी
- रिप्रोडक्टिभ एण्डोक्राइनोलोजी
- रिह्यूमेटोलोजी
- निद्राको औषधि
- खेलकुदको औषधि
- खेलकुदको औषधि St College
- सर्जरी (शल्यचिकित्सा) सामान्य
- सर्जरी (शल्यचिकित्सा) मिनिमल इन्भैसिभ सर्जरी (शरीरमा निम्नतम प्रवेश शल्यचिकित्सा)
- सर्जरी (शल्यचिकित्सा) ओन्कोलोजी
- सर्जरी (शल्यचिकित्सा) थोरेसिक
- प्रत्यारोपण सर्जरी (शल्यचिकित्सा)
- आघात सर्जरी (शल्यचिकित्सा)
- आघात सर्जरी (शल्यचिकित्सा) सङ्कटावस्था उपचार
- यूरोगाइनीकोलोजी अनि मिनिमल इन्भैसिभ सर्जरी (शरीरमा निम्नतम प्रवेश शल्यचिकित्सा)
- यूरोलोजी*
- भैस्कुलर शल्यक्रिया

*वित्तीय सहायतासम्बन्धी कार्यक्रमहरूद्वारा नसमेटिएका प्रदायक/सेवाहरू हेर्नुहोस्

वित्तीय सहायता कार्यक्रम अन्तर्गत कभर नगरिने सेवा प्रदाताहरू/सेवाहरू

- कस्मेटिक शल्यक्रिया
- श्रवण यन्त्रसम्बन्धी सेवाहरू
- कतिपय ग्यासट्रिक बाइपास प्रक्रियाहरू
- इन्भिट्रो/इन्फर्टिलिटि (टेस्ट ट्युब/बाँझोपन) सेवाहरू
- अप्टिकल शप
- लिङ्गसम्बन्धी प्रत्यारोपण

Penn State Health चिकित्सा समूहद्वारा नियुक्त नगरिएका चिकित्सकहरू निम्ति, यो नीति उनीहरूका सेवाहरूका लागि लागू हुँदैन। यी स्वास्थ्य सेवा प्रदाताहरूद्वारा बिल गरिएका पेसावाल शुल्कहरूका रकमको भुक्तानी गर्ने जिम्मेवारी बिरामीको हो अनि यो नीति अन्तर्गत यसलाई छूट वा वित्तीय सहायताको योग्य ठहर गरिँदैन। यो नीति Penn State Health Milton S. Hershey Medical Center मा उपलब्ध गराइने आपतकालीन एवम् अन्य आवश्यक चिकित्सीय सेवाहरूका फेसिलिटि शुल्कहरूमाथि मात्रै लागू हुन्छ।

परिशिष्ट B

सामुदायिक प्र्याक्टिस विभाग (Community Practice Division)

वित्तीय सहायता कार्यक्रम अन्तर्गत कभर गरिने सेवा प्रदाताहरू/सेवाहरू

- कार्डियोलोजी (हृदय रोगसम्बन्धी)
- कार्डियोभैस्कुलर
- सङ्कटावस्था उपचार
- परिवार प्र्याक्टिस
- ग्यास्ट्रोएन्ट्रोलोजी
- सामान्य सर्जरी (शल्यचिकित्सा)
- जीरीयाट्रिक औषधि
- हीमेटोलोजी
- हस्पिटलिस्ट
- आन्तरिक औषधि
- इन्टरभेन्शनल (मध्यस्थकारी) कार्डियोलोजी
- न्युक्लियर कार्डियोलोजी
- गाइनीकोलोजी
- ओन्कोलोजी
- अर्थोपेडिक शल्यचिकित्सा
- पीडियाट्रिक्स (बाल रोगसम्बन्धी)
- पल्मोनरी
- रेडियोलोजी
- निद्राको औषधि
- रिह्यूमेटोलोजी

परिशिष्ट C

Spirit Physician Services, Inc.

वित्तीय सहायता कार्यक्रम अन्तर्गत कभर गरिने सेवा प्रदाताहरू/सेवाहरू

- एनीस्थीसिया (संज्ञाहरण)
- मानसिक (आचरणसम्बन्धी) स्वास्थ्य
- कार्डियोलोजी (हृदय रोगसम्बन्धी)
- कार्डियक क्याथ एवम् इलेक्ट्रोफिजियोलोजी (Electrophysiology, EP) प्रयोगशालाहरू
- कार्डियक रिह्याब र रेखदेख
- कार्डियक इमेजिङ्ग सेवाहरू
- कार्डियोथोर्‌येसिक सर्जरी (शल्यचिकित्सा)
- क्लिनिकल न्युट्रिशन
- CMSL-वयस्क प्राथमिक हेरचाह प्रदायक (Primary Care Provider, PCP)
- CMSL-बाल PCP-हरू
- डर्मेटोलोजी (चर्म-रोग)/मोह्स सर्जरी (शल्यचिकित्सा)
- आपतकालीन औषधि
- एण्डोक्राइनोलोजी
- ग्यास्ट्रोएन्ट्रोलोजी/एण्डोस्कोपी
- सामान्य सर्जरी (शल्यचिकित्सा)/वक्षस्थल क्यान्सर केन्द्र
- हस्पिटलिस्ट – वयस्कहरू
- हिपेटोलोजी आउटरिच
- सङ्क्रामक रोगहरू
- Infusion Center Outpatient
- इन्टरभेन्शनल (मध्यस्थकारी) रेडियोलोजी
- प्रयोगशाला/पैथोलोजी
- न्यूरोलोजी
- न्यूरोसर्जरी
- नवजात शिशुको सघन हेरचाह एकाइ (Neonatal Intensive Care Unit, NICU)
- अकूपेशनल (व्यवसायसम्बन्धी) स्वास्थ्य
- अर्थोपेडिक्स
- अर्थोटिक्स
- अस्टोमी
- पेलिएटिभ (प्रशामक) उपचार
- पीडियाट्रिक (बाल रोगसम्बन्धी) विशेषज्ञ केन्द्रहरू
- फार्मेसी
- पादचिकित्सा
- प्लास्टिक सर्जरी
- रेडियोलोजी
- रेडिएसन ओन्कोलोजी/ रेडिएशन थेरेपी
- रिह्याबिलिटेटिभ/शारीरिक थेरापी (Physical Therapy, PT)/ व्यावसायिक थेरापी (Occupational Therapy, OT)
- पल्मोनरी/सङ्कटावस्था उपचार
- निद्राको औषधि
- कुशल नर्सिङ सुविधा (Skilled Nursing Facility, SNF)
- टेलिमेड
- ट्रमा
- तत्काल उपचार
- भैस्कुलर शल्यक्रिया
- महिलाहरूका स्वास्थ्य
- Wound Care/Hyperbaric Centers

परिशिष्ट D

Penn State Health Life Lion LLC

परिशिष्ट E

Penn State Health Hampden Medical Center (प्रभावकारी तारिख 10/1/21)